ISSN 2631-2336
© Journal of Education Research and Innovation
Vol.4 No.1 (2024)

# पूर्व आधुनिक नेपाली पद्य साहित्यको वैचारिक विश्लेषण

**फूलमती खराल**
**उपप्राध्यापक, मध्यपश्चिम विश्वविद्यालय**
phulmatikharal30@gmail.com

**लेखसार**

*प्रस्तुत अनुसन्धनात्मक लेख पूर्वआधुनिक नेपाली पद्य साहित्यको अध्ययन विश्लेषणमा केन्द्रित रहेको छ । मध्यपश्चिम विश्वविद्यालय, ग्र्याजुएट स्कुल अफ एजुकेसन बी.एड.तह प्रथम सेमेस्टरको पाठ्यक्रममा नेपाली शिक्षा विशिष्टीकरण विषयका रुपमा पूर्वआधुनिक नेपाली पद्य साहित्यलाई पाठ्याशंमा सामावेश गरिएको छ । यस अध्ययनमा पद्य विधा अन्तर्गत समावेश गरिएका साहित्यिक कृतिहरू केन्द्रीय कथ्य, भाव/विचार, आयाम,, भाषाशैलीका आधारमा के कति उपयुक्त छन् भनी अध्ययन विश्लेषणमा केन्द्रित रहेको छ । यो अध्ययनलाई पूरा गर्न वर्णनात्मक विधि र गुणात्मक अनुसन्धान ढाँचामा द्वितीय स्रोतलाई आधार मानिएको छ । शैक्षिक वर्ष २०६९/०७० देखि स्नातक तह प्रथम सेमेष्टरमा ऐच्छिक नेपाली विषय (नेपा.शि.४१४) को पूर्व आधुनिक नेपाली साहित्य विषयको पाठ्याशं अन्तर्गतका ३ वटा कवितालाई अध्ययनको मुख्य आधार बनाइएको छ । यस अध्ययनका लागि पुस्तकालय विधिको प्रयोग गरिएको छ । उक्त पद्य साहित्यलाई केन्द्रीय कथ्य, भाव/विचार, आयाम, भाषाशैली, सारतत्व र विधागत सचेतताका दृष्टिले वस्तुपरक विश्लेषण गरी कविता सम्बन्धित तहका लागि उपयुक्त रहेको निष्कर्ष निकालिएको छ । यसमा कविता विधा, साहित्यिक कृति, भाव/विचार, सारतत्व, भाषाशैली, आयामलाई प्रमुख शब्दावलीको मूल आधार बनाइएको छ ।*

**प्रमुख शब्दावली** : केन्द्रीय कथ्य, भाव/विचार, आयाम, भाषाशैली, साहित्य शिक्षण, उद्देश्य, विधा,

## अध्ययनको पृष्ठभूमि

नेपाली साहित्यको खास इतिहासको उठान वि.सं. १८२६ मा सुवानन्द दासले रचेको 'पृथ्वीनारायण' शीर्षकको कविताबाट भएको हो भने त्यसभन्दा अघिको समयलाई नेपाली कविताको पृष्ठभूमि काल भन्न सकिन्छ । नेपाली भाषा विक्रमको एघारौं शताब्दी अर्थात वि.स १०३८ मा प्राप्त दामुपालको दुल्लु अभिलेखबाट लेख्य रुपमा प्रयोग हुन थालेको पाइन्छ । प्रथमतः नेपाली भाषा अभिलेखी भाषा र विस्तारै कथ्य र सम्पर्क भाषाका रुपमा सामाजिक सुख, दुःखलाई व्यक्त गर्ने मौखिक गीत, कथा, गाथा लोक लयका रुपमा अभिव्यक्तिको माध्यमका साथै विभिन्न राज्यका राजाद्वारा लेख्न लगाइएका अभिलेखहरूमा लेख्य माध्यम भाषाका रुपमा पनि नेपाली भाषा हुर्कदैं आएको पाइन्छ । नेपालको वीरता बोध तथा पराजयको पीडा, कोतपर्व, निरङ्कुश राणा शासनको उदय, ती शासकको निरङ्कुशता, दरवारिया मोजमस्ती, अर्न्तकलह, एसियाली र युरोपेली मुलुकसँगको सम्पर्क, बढ्दो बाह्य प्रभाव, संस्कृत शिक्षा परम्परा साथै अङ्ग्रेजी शिक्षा पद्दंति अनुसारका संस्थाको स्थापना जस्ता गतिविधिबाट पनि नेपाली साहित्य प्रवाहित भएको पाइन्छ ।

तत्कालीन लोक साहित्यिक अभिव्यक्तिहरू मध्ये अझ विशेष गरी डोटी र कर्णाली प्रदेशमा प्रचलनमा रहेका गीत गाथा र लोकनाटक उल्लेखनीय देखिन्छन् भने गण्डकी र लुम्बिनी प्रदेशका लोक जीवनमा प्रचलित गीत गाथा र लोक नाटक पनि महत्वपूर्ण मानिन्छन् । यिनै कथ्य र लेख्य सामग्री नै नेपाली साहित्यको पृष्ठभूमि मानिन्छन् । नेपाली कविताको पृष्ठभूमि कालको उत्तरार्धतिर आइपुग्दा क्षेत्रीय हिसाबले कर्णाली भेग र पछि भेरी भेग तर्फ पनि कवितात्मक प्रारुपका रुपमा देउडा, भैलो, भजन, चाँचडी, धमारी र डोटी भेगतिर सगुन, फागु, देउडा, धमारी, र बालगीतका साथै पूर्वी नेपाली भाषिका तर्फ माहल रतेउली, खाँडो, भजन, कर्खा, चाँचरी, सवाई, लहरी, सोरठी, घाटु, बालुन, चुट्का, चण्डीनाच, धाननाच, झ्याँगा, गाउँखाने कथा, लोक पद्य कविता र बालगीत आदि पूर्व रुप देखा पर्दछन् ( भण्डारी र पौडेल, २०७०: १२) । कविताको यस पृष्ठभूमि कालमा मौखिक लोक धाराका सामग्री बाहेक वंशावली र जीवनी जस्ता साहित्य निकट लेख्य वाङ्मयका आडबाट पनि नेपाली लेख्य कविताको प्रारम्भिक चेष्ठा देखिन थालेको पाइन्छ ।

साहित्यका मुख्य चार विधा कविता, गद्याख्यान, निबन्ध र नाटक रहेका छन् । यी विधाले भाषालाई स्तरयुक्त र समय अनुसार परिस्कृत परिमार्जन र विशिष्ट बनाउन महत्वपूर्ण भूमिका खेलेको पाइन्छ । यी विविध विधाले विद्यालय तहदेखि उच्चतहसम्म सिकारुको बोध र अभिव्यक्ति क्षमता विकास गर्न मार्गनिर्देश गरेको पाइन्छ । यी मध्ये मानव अभिव्यक्तिले कलात्मक बान्कीमा देखिने अवसर पद्यले पाएको हुनाले कविता नै नेपाली साहित्यको जेठो काव्य विधा हो भन्ने ठहरिन्छ । यसरी नै नेपाली भाषाको लामो यात्रामा कवितामा नै पहिलो कोसेढुङ्गो देखा पर्दछ (श्रेष्ठ र शर्मा, २०६३ : २०) । पूर्वीय र पाश्चात्य जगतमा पनि कविता परम्परा सर्व प्राचीन रहेको पाइन्छ । कविता मार्फत लयात्मक शैलीमा मानव मनका भावनाको सौन्दर्यपूर्ण अभिव्यक्ति गर्नुका साथै आफ्नो सिर्जनशील प्रतिभा र धारणालाई पोख्ने अवसर प्राप्त हुन्छ ।

नेपाली साहित्यको लामो इतिहासलाई पनि अध्ययन सहजताका लागि पूर्व आधुनिक काल र आधुनिक काल गरी मुख्य दुईवटा कालमा विभाजन गरिएको छ । पूर्व आधुनिक काललाई पनि प्राथमिक र माध्यमिक कालमा विभाजन गरिएको छ । शैक्षिक प्रयोजनको परिपूर्तिका निम्ति मध्यपश्चिम विश्वविद्यालय ग्र्याजुएट स्कुल अफ एजुकेसनमा ४ वर्षीय बि.एड. तहको सेमेस्टर प्रणाली अन्तर्गत नेपाली मूल ऐच्छिक विषयको चौथो पत्रका रुपमा रहेको नेपाली शिक्षा ४१४ को पाठ्यवस्तु अन्तर्गत पद्य साहित्यका ३ वटा विधा १. 'स्तुति पद्य१', २. ' नीतिका कुरा' ३. 'किन चाहियो' कविताको विश्लेषणसँग यो अनुसन्धनात्मक लेख सम्बन्धित रहेको छ । तहगत र विषयगत उद्देश्य प्राप्तिमा यी पद्य विधा केन्द्रीय कथ्य, भाव/विचार, आयाम र भाषाशैलीका दृष्टिले कति उपयोगी छन् भन्ने अध्ययनका लागि यो लेख तयार पारिएको छ । यसमा पूर्व आधुनिक नेपाली साहित्यको पृष्ठभूमि, काल विभाजन र पूर्वआधुनिक कालका प्रमुख पद्य कृतिको अध्ययन विश्लेषण गरिएको छ ।

**समस्या कथन**

मध्यपश्चिम विश्वविद्यालय, ग्र्याजुएट स्कुल अफ एजुकेसन, बी.एड तह प्रथम सेमेस्टरको ऐच्छिक विषय नेपाली शिक्षा ४१४ को पाठ्याशंमा समावेश गरिएका विभिन्न साहित्यिक विधामध्ये पद्य अन्तर्गतका ३ वटा कविताको केन्द्रीय कथ्य, भाव/विचार, आयाम , भाषाशैली, सारतत्व र विधागत सचेतताका आधारमा कसरी विश्लेषण गर्न सकिन्छ ? जस्ता समस्यामा प्रस्तुत अनुसन्धानत्मक लेख केन्द्रित रहेको छ । ती समस्यालाई निम्नानुसार उल्लेख गरिएको छ :

१. पूर्वआधुनिक कालका पद्य कविताको केन्द्रीय कथ्य, भाव/विचार, आयाम र भाषाशैली कस्तो छ ?
२. ती पद्य कवितालाई सारतत्व र .विधागत सचेतताका आधारमा कसरी विश्लेषण गर्न सकिन्छ ?

**अध्ययनको उद्देश्य**

प्रस्तुत अध्ययन निम्न उद्देश्यमा केन्द्रित रहेको छ :

१. पूर्वआधुनिक कवितालाई केन्द्रीय कथ्य, भाव/विचार, आयाम र भाषाशैलीका आधारमा विश्लेषण गर्नु,
२. ती कवितालाई सारतत्व र .विधागत सचेतताका आधारमा विश्लेषण गरी आवश्यक सुझाव दिनु ।

**अध्ययनको औचित्य**

भाषा शिक्षणमा साहित्यको उपयोग गर्ने प्रचलन धेरै पुरानो हो । साहित्य शिक्षणलाई नै भाषा शिक्षण भनेर मान्ने प्रचलन यथावत छ । नेपाली भाषा शिक्षणमा साहित्य शिक्षणको आवश्यकता र महत्व देखिन्छ । यस तहमा समावेश गरिएका कविता केन्द्रीय कथ्य, भाव/विचार, आयाम, भाषाशैली, सारतत्व र .विधागत सचेतताका आधारमा विश्लेषण गरी सम्बन्धित कविताको अध्ययनले सिकारुमा कल्पना शक्तिको विकास, व्यक्तित्वको विकास, चरित्र निर्माण, बौद्धिक विकास, विश्लेषणात्मक क्षमताको विकास र शैक्षिक उपलब्धिको जानकारी लिन सहयोग पुग्ने अपेक्षाका साथ यो अध्ययन औचित्यपूर्ण देखिन्छ ।

**अध्ययनको सीमा**

प्रस्तुत अध्ययन मध्यपश्चिम विश्वविद्यालय, ग्र्याजुएट स्कुल अफ एजुकेसन स्नातक तह प्रथम सेमेस्टरको ऐच्छिक विषय पूर्वआधुनिक नेपाली साहित्य नेपाली शिक्षा ४१४ को पाठ्याशंमा समावेश गरिएका पद्य विधा भित्रका ३ वटा कविताको अध्ययन विश्लेषणमा सीमित गरिएको छ । यी कविता केन्द्रीय कथ्य, भाव/विचार, आयाम र भाषाशैलीका दृष्टिले कस्ता छन् ? सारतत्व र.विधागत सचेतताका आधारमा कसरी विश्लेषण गर्न सकिन्छ भन्ने प्रश्नको उत्तरसँग यो अध्ययन सीमित गरिएको छ । यस पाठ्याशंमा समावेश गरिएका कविता बाहेक अन्य विधाको विश्लेषण गरिएको छैन ।

## अध्ययन विधि

प्रस्तुत अध्ययनलाई पूरा गर्न गुणात्मक ढाँचामा द्वितीय स्रोतलाई आधार मानिएको छ । स्नातक तह प्रथम सेमेष्टर नेपा.शि. ४१४ को पाठ्याशंमा समावेश गरिएका कविताको अध्ययनका क्रममा केन्द्रीय कथ्य, भाव/विचार, आयाम, भाषाशैली, सारतत्व र .विधागत सचेतताका आधारमा विश्लेषणका लागि सम्बन्धित पाठ्यवस्तुमा समावेश भएका ३ वटा कविताबाट सामग्री सङ्कलन गरिएकाले पुस्तकालयीय अध्ययन विधिको प्रयोग गरिएको छ । अध्ययनका क्रममा सम्बन्धित कविताबाट सामग्री सङ्कलन गरी विधागत सचेतताका आधारमा विश्लेषण गरिएको छ । प्राप्त सामग्रीलाई वस्तुपरक, तार्किक र तथ्यपरक आधारमा विश्लेषण गरी अध्ययनलाई विश्वसनीय बनाइएको छ ।

## सैद्धान्तिक अवधारणा

### कविता शिक्षणको परिचय र परिभाषा

मानिस चेतनशील प्राणी भएकाले जीवनका विभिन्न परिस्थितिलाई बुझेर त्यसको समाधान गर्दै जान्छ । आफ्ना अनुभवलाई अरु समक्ष पुऱ्याउने र अरुका विचारलाई आत्मसाथ गर्ने रसिलो भाषा कविता भएकाले यसबाट वक्ता र श्रोतालाई आनन्द प्राप्त हुन्छ । मानिसको यही प्रवृत्तिका कारण कविता विधाको सिर्जना भएको हो । कविता विधा के हो भन्ने सन्दर्भमा विश्वको सर्वप्राचीन ग्रन्थ ऋग्वेददेखि अझैसम्म पनि परिभाषित गर्ने प्रयत्न भएको पाइन्छ (शर्मा र पौडेल, २०६७ : २५३) । ती मध्ये केही परिभाषा यस प्रकार छन् :

पारसमणि प्रधान :"कवितामा भावको प्राचुर्य हुनु आवश्यक छ ।

विश्वनाथ : "रसले परिपूर्ण वाक्यलाई काव्य भन्दछन् ।"

आनन्द वर्धन : "काव्यको आत्मा ध्वनि हो ।"

जगन्नाथ : "सुन्दर अर्थ प्रतिपादन गर्ने शब्दलाई काव्य भन्छन् ।"

वामन : "रीति नै काव्यको आत्मा हो ।"

### कविता शिक्षणको आवश्यकता र महत्व

भाषिक सिप सिकाइका दृष्टिले स्नातक तहमा साहित्यका विभिन्न विधागत कृति कविता, कथा उप( न्यास, निबन्ध, नाटक र समालोचना समावेश गरिएको छ । विद्यार्थीको सिर्जनात्मक क्षमताको विकास गर्न र साहित्यिक अभिव्यक्ति सिप बढाउन साहित्यका यी विधाले सहयोग पुऱ्याउने देखिन्छ । साहित्य शिक्षणका दृष्टिले कविता विधा सिकारुका लागि अझ बढी उपयोगी मानिन्छ । यसको अध्ययनबाट सिकारुमा शब्दभण्डारको वृद्धि हुन्छ । अभिव्यक्ति क्षमता र भाषा व्यक्त गर्ने शैलीको विकास र भाषा प्रयोगमा प्रवाहमयता थपिन्छ । उच्चारणमा परिष्कार आउँछ । कलाप्रति अनुराग बढ्छ र साहित्यप्रति अभिरुचि जगाउँछ । यसरी कविताले सिकारुमा चौतर्फी विकास पुऱ्याउनुका साथै बालबालिकाको भावनालाई परिष्कार, सहानुभूति, बौद्धिक उन्नयन र उच्च आदर्श गुणको विकासमा ठूलो भूमिका खेल्दछ (शर्मा र पौडेल, २०६७ : २५५) । कविता शिक्षणको यस्तो कार्यकलाप सञ्चालन गर्दा विद्यार्थीलाई पूर्व सचेत र तत्पर बनाउने, स्पष्ट र मन्द गतिमा आवश्यक परे दोऱ्याउँदै सामग्रीको श्रवण गराउने, श्रवण गरेका कुरा केही समय सोच्ने वा स्मरण गरेर भाव बुझ्ने अवसर दिनुपर्दछ ।

यस्तो कार्यकलाप गराउँदा आवश्यक भन्दा कम वा बढी दोहोऱ्याउने र विद्यार्थीले नबुझेर पुन भन्न अनुरोध गर्दा नझर्कीकन त्यसलाई पनि सफलतापूर्वक सुनाइ दिनु पर्दछ (शर्मा, २०६७ : १७५ । कविता शिक्ष( णबाट सिकारुको क्षमता विकासमा मद्दत पुग्नुका साथै पूर्व सचेत बनाउँछ । बोध र अभिव्यक्ति क्षमतको विकास गर्न, तत्वगत आधारमा कविताको पहिचान गर्न, कुनै निर्दिष्ट सामग्रीलाई आवश्यकता अनुसार संक्षेप र विस्तृत रुपमा प्रकट गर्न सक्ने सिपको विकास गर्न, आफ्ना धारणा मनोभावना र विचारलाई सरल ढंगले प्रस्तुत गर्न, कविता लेखन कलाको समुचित विकास गर्न, सिकारुमा स्वतन्त्र साहित्यिक तथा शैलीगत अनुभव प्राप्त गर्न शब्द भण्डारको अभिवृद्धि गर्न कविता विधाको महत्व मानिन्छ (शर्मा, २०६७ : २५० ।

## पूर्वआधुनिक नेपाली कविता

### प्राथमिककालीन कविताका प्रवृत्ति/विशेषता

नेपाली साहित्यको खास इतिहासको उठान कविता लेखनबाटै भएको पाइन्छ । सुवानन्द दासले वि.स १८२६ मा 'पृथ्वीनारायण' शीर्षकको कविता लेखे । यो नै नेपाली भाषाको पहिलो कविता हो । नेपाली कविताको प्राथमिक काल वि.स १८२६ - १९४० सम्मको समयावधिलाई मानिन्छ । यस काललाई नेपाली कविताको उठान काल र लेखोट काल पनि भनिन्छ । यो समयमा पनि वि.स १८२६ - वि.स १८७२ सम्मको समयमा वीर धारामा

कविता लेखेको पाइन्छ भने वि.स १८७३ - वि.स १९४० सम्मको समयमा भक्ति धारामा कविता लेखेको पाइन्छ। वीर धाराको समयलाई पूर्व प्राथमिक काल र भक्ति धाराको समयलाई उत्तर प्राथमिक काल मान्न सकिन्छ। पृथ्वीनारायण शाहको नेपालको एकीकरण अभियानसँगै सुरु भएको नेपाली कविताको पूर्वप्राथमिक कालमा पृथ्वीनारायण शाह, कालु पाण्डे, दामोदर पाण्डे, बहादुर शाह जस्ता वीरहरूको मुटु बलियो र शीर उच्च पार्न वीर धारामा कविता लेखिए। नेपाली कविताको पूर्वप्राथमिक काल मूलतः वीर वन्दनाका रुपमा अघि बढे पनि आध्यात्मिक, नैतिक, सामाजिक, मूल्य मान्यतामा केन्द्रित रहेको पाइन्छ। नेपाली कविताको उत्तर प्राथमिक काल मूलत भक्ति धाराका नामले चिनिन्छ। नेपाली कविताको भक्ति धाराको रुपमा रहेको यस कालमा सगुण भक्ति धारा र निर्गुण भक्ति धारामा कविता लेखेको पाइन्छ। यो समयमा विभिन्न धारा, उपधारामा जे जति कविता लेखिए ती लेखनमा मात्र सीमित रहे। धारागत प्रवृत्ति अनुसार यस काललाई मोटामोटी दुई भागमा बाँडेर अध्ययन विश्लेषण गर्ने प्रचलन रहेको पाइन्छ (भण्डारी र पौडेल, २०७० : १३)।

१.पूर्वार्ध वा पूर्व प्राथमिक काल (वीरधाराः वि.स १८२६ - १८७२)

२. उत्तरार्ध वा उत्तर प्राथमिक काल (भक्तिधाराः वि.स १८७३ - १९४०)

पूर्वआधुनिक कालका केन्दीय कविहरूमा यदुनाथ पोखऱ्याल नेपाली कविताको प्रारम्भकालीन इतिहासमा वीरधारा र भक्तिधारा दुबैमा कविता रचना गर्ने स्तुतिवादी र भक्तिवादी कवि हुन् भने भानुभक्त आचार्य पनि यसै समयका भक्तिभावमा केन्द्रित कविता लेख्ने चर्चित र प्रतिभाशाली कवि हुन् (पौड्याल, ई.स.२०१४ : १४८)। नेपाली साहिन्यमा 'भानु' शब्दको प्रयोग बारम्बार भई रहन्छ किनभने यस शब्दले रातलाई नासेर संसारमा दिन निम्त्याउने सूर्यलाई मात्र होइन रम्घा झैं एउटा मामुली गाउँमा जन्मेर पनि आफ्नो कलमको तागतले गर्दा सबै नेपालीहरूको मनमा तस्बिर भएर टाँसिन सक्ने भानुभक्त आचार्यलाई पनि व्यक्त गर्दछ (पोखरेल, २०६७ : ३२८)। यस्ता कवि भानुभक्तले आफ्नो 'नीतिका कुरा' कवितामा शुद्ध मन नै सबैभन्दा ठूलो तीर्थ हो। अभ्यास र कर्मद्वारा मनमाथि विजय गर्नेले संसारमाथि विजय पाउन सक्छ भन्दै भक्तिभावमा केन्द्रित कविता लेखेका छन्। समग्रमा प्राथमिककालीन कविताका प्रमुख प्रवृत्ति/विशेषतालाई बुँदागत रुपमा निम्नानुसार उल्लेख गर्न सकिन्छ :

१. मुद्रण र प्रकाशनको अभाव,
२. कविता भन्ने र सुन्ने परम्परालाई लेखन परम्परामा ढालिनु,
३. वीर तथा भक्ति रसमा आधारित कविता लेखन,
४. फुटकर कवितादेखि महाकाव्यसम्म लेखन,
५. अनुवाद र रुपान्तरणमा मात्र आधारित नभएर मौलिक कविता लेखनको थालनी,
६. ईश्वरका सगुण र निर्गुण दुवै रुपको वर्णन गर्दै कविता लेखन,
७. कवितामा संस्कृत, हिन्दी, अवधी, मैथिली आदि भाषाको प्रशस्त प्रभाव,
८. आध्यात्मिक, नैतिक, सांस्कृतिक, सामाजिक र पारिवारिक अवस्थाको नीति चेतना दिने खालका र कतिपय अड्डा, अदालतको न्यायिक परिपाटीप्रति व्यङ्ग्य गर्दै कविता लेखन,
९. कवितामा लोक लय र शास्त्रीय छन्दको प्रयोग,
१०. साहित्यिक उद्देश्य भन्दा व्यक्तिगत उद्देश्यमा केन्द्रित रहेर कविता लेखन,
११. स्तरीय र गुणात्मकताका दृष्टिले कविता खारिन बाँकी रहेको अवस्था,
१२. कवितामा देश र समाजको अभिव्यक्ति।

**माध्यमिक काल (वि.स १८४१-१९७४)**

नेपाली कविताको इतिहासमा माध्यमिक कालको थालनी मोतीराम भट्टले वि.सं. १९४१ मा भानुभक्तले रचना गरेको रामायणको बालकाण्ड बनारसबाट छपाएपछि नेपाली कविताको माध्यमिक काल अर्थात मुद्रण/प्रकाशन युगको थालनी भएको हो। यिनको आगमनसँगै नेपाली कविता साहित्यको इतिहासमा फुटकर कविता लेख्ने र छपाउने कार्यको प्रतिस्पर्धा हुन थाल्यो। भट्टले सुरुमा बनारसमा र त्यसपछि काठमाण्डौमा मोतीमण्डलीको गठन गरे। यसबाट कविता लेखन र प्रकाशन गर्ने सामूहिक वातावरणको शुरुवात भएको र श्रृङ्गारिक धारामा धमाधम कविता रचना हुन थाले। भट्टले आफै लेख्थे र साथीहरूलाई पनि भेला गराएर कविता लेख्न लगाउँथे। यिनले बनारसमा खोलेको समस्यापूर्ति मण्डलीलाई मोतीमण्डली भनिन्छ। यिनले वि.स १९४५ मा काठमाडौ आएर पुन मोतीमण्डली निर्माण गरी कविता लेखनतिर लागे। यसै समयावधिमा परिष्कृत र परिमार्जित कविताहरू पनि प्रशस्त लेखिएका छन् (पौड्याल, ई.स. २०१४ : २०८)।

नेपाली साहित्यको समग्र माध्यमिक काल राणाकालीन राजनैतिक परिवेशबाट प्रभावित देखिन्छ । यो समयमा तत्कालीन शासकहरूको मनोभावनालाई बुझेर मनोरञ्जनमूलक र श्रृङ्गारिक कविताको रचना गर्ने भट्टको सबल नेतृत्व पाएर अन्य कविहरूले कविता लेख्न थाले । यो समयमा प्राथमिककालीन वीर र भक्तिभावका कवितालाई छाडेर राणाहरूको भोग विलास र मनोरञ्जनपूर्ण भाव अभिव्यक्त भएका कविता लेख्न तर्फ कविहरू लागे र प्रशस्त श्रृङ्गारिक धारामा कविता लेखिए । यस धाराको नेतृत्व भने मोतीराम भट्टले गरे । मौलिक कविता लेखिनु, कवितात्मक कला सौन्दर्य तर्फ कविहरूको चासो बढ्नु, उत्कृष्ट लय र भाव विधानका साथै कवितामा परिष्कृत भाषाशैलीको प्रयोग गर्नु यस कालका कविताका प्रवृत्ति/विशेषता मानिन्छन् । प्रवृत्तिगत दृष्टिले यस काललाई पनि निम्नानुसार दुई खण्डमा विभाजन गर्न सकिन्छः (भण्डारी र पौडेल २०७० : १३) ।

**१. पूर्वार्ध वा पूर्व माध्यमिक काल (वि.स १८४१ – १९६१)**

पूर्वार्ध वा पूर्व माध्यमिक कालका प्रतिनिधि कवि मोतीराम भट्ट हुन् । यस कालमा मोतीमण्डली र समस्यापूर्ति परम्पराका साथै विभिन्न कविता गोष्ठीहरूको आयोजना गरेर कविता लेखन र प्रकाशन गर्ने वातावरण बनाइ लोकछन्दलाई शास्त्रीय छन्दका ढाँचामा संयोजन गरेर कवितालाई लयात्मक र सङ्गीतात्मक तुल्याएको पाइन्छ । नेपाली कवितामा युगान्तकारी परिवर्तन ल्याउने, श्रृङ्गारिक भाव धारामा कविता लेख्ने साहित्यकार, सङ्गीतकार र गायनकलाका पारखी, नेपाली साहित्यका युग प्रर्वतक मोतीराम भट्ट श्रृङ्गारिक भाव धाराका अग्रज र प्रथम गजलकार हुन् (पौड्याल, ई.स. २०१४: २१३) । उनी कविमात्र नभएर नेपाली साहित्यका प्रथम गजलका, जीवनीकार, प्रथम समालोचक, अन्वेषक, छापाखानाका प्रबन्धक, नाटककार तथा माध्यमिक कालका प्रवर्तक हुन् । उनको 'किन चाहियो' ? गजल शैलीमा लेखिएको कवितमा प्रश्न गरिएको छ । कुनै कथनका पछाडि प्रश्न राख्नुपर्‍यो भने यो प्रश्न वाचक (?) चिन्ह प्रयोग गरिन्छ । जस्तो : पृथ्वी गोलो छ हो ? (श्रेष्ठ, २०६३ : ३४६) । यस्तै यो कवितामा पनि 'किन चाहियो' ? भनी शीर्षककै पछाडि प्रश्न गरिएको छ ।

**२. उत्तरार्ध वा उत्तर माध्यमिक काल (वि.सं. १८६१–१९७४)**

उत्तरार्ध वा उत्तरमाध्यमिक कालका प्रतिनिधि कविका रुपमा शम्भूप्रसाद ढुङ्गेल रहेका छन् । भट्टको अल्पआयुमै मृत्यु भएको केही वर्षपछि युवा कविहरूको संयुक्त कविता सङ्ग्रह कविता कल्पद्रुम (१९६२) प्रकाशित भएपछि उत्तरमाध्यमिक कालको शुरुवात भएको मान्न सकिन्छ ।

**माध्यमिककालीन कविताका प्रवृत्ति/विशेषता**

यो समयमा लेखिएका विभिन्न कविताका आधारबाट समग्रमा माध्यमिककालीन कविताका प्रमुख प्रवृत्ति/विशेषतालाई बुँदागत रुपमा निम्नानुसार उल्लेख गर्न सकिन्छ :

१. मुद्रण र प्रकाशनको आरम्भ,
२. भक्ति धारालाई पूर्ण रुपमा अन्त्य नगर्दै श्रृङ्गारिक धारामा कविता लेखन,
३. गजल लेखन परम्पराको शुरुवात,
४. लघु रुपदेखि बृहत रुपसम्मका कविता लेखन,
५. मौलिकता, विधागत सचेतता र काल्पनिकता जस्ता विशेषता पाइए पनि कवितामा परिपक्कता आइनसकेको स्थिति,
६.. शब्द र अर्थले युक्त अलङ्कारमय कविता लेखन,
७.. कवितामा शास्त्रीय वर्णमात्रिक, मात्रिक र लोक लयको प्रयोग,
८. युगीन परिवेशको वर्णनात्मक, विवरणात्मक, मनोरञ्जनात्मक तथा केही मात्रामा व्यङ्ग्यात्मक प्रस्तुति,
९. वर्ण मात्रिक, मात्रिक, लोक लय र शास्त्रीय छन्दको प्रयोग,
१०. व्यक्तिगत र सामुहिक कविता लेखिन,
११. स्तरीय र गुणात्मकताका दृष्टिले अझै कविता खारिन बाँकी रहेको अवस्था,
१२. उर्दू, हिन्दी, फारसी, संस्कृत र नेवारी भाषाको मिसावट,
१३. पछिल्लो चरणका कविता परिष्कारतर्फ उन्मुख,
१४. आंशिक रुपमा कवितामा प्रकृति चित्रण,
१५. केही मात्रामा नीति शिक्षा र औपदेशिकताको आभास ।

पूर्व आधुनिक कालका प्रतिनिधि कवि र तिनका कविताको विश्लेषण

पूर्व आधुनिक कालका कवितालाई केन्द्रीय कथ्य र भाव/विचार, आयाम, भाषाशैली, सारतत्व र विधागत सचेतताका आधारमा नेपाली शिक्षा ४१४ को पाठ्याशंमा समावेश गरिएका ३ वटा कवितालाई अध्ययन विश्लेषण गरिएको छ । ती कवि र तिनका कवितालाई तलको तालिकामा यसरी देखाइएको छ :

| **क्र.स** | **लेखक (कृतिकार)** | **पाठ शीर्षक (कृति)** | **विधा** |
|---|---|---|---|
| १. | यदुनाथ पोखऱ्याल | स्तुति पद्य१ | कविता |
| २. | भानुभक्त आचार्य | नीतिका कुरा | कविता |
| ३. | मोतीराम भट्ट | किन चाहियो ? | कविता |

यदुनाथ पोखऱ्याल र उनको "स्तुति पद्य१" (१६-२० श्लोक) कविताको विश्लेषण

**यदुनाथ पोखऱ्यालको परिचय**

यदुनाथ पोखऱ्यालको जन्म वि.स १८६८ तिर सगरमाथा अञ्चलको पूर्वी तराई जिल्ला सप्तरीमा भएको हो । प्राथमिक कालका प्रख्यात कवि पोखऱ्याल नेपाली लगायत संस्कृत र फारसी भाषामा पनि उत्तिकै दखलता भएका सायित्यकार हुन् । यिनी भक्ति धाराका कवि भए तापनि वीर धाराको पनि पुर्नउथ्थान गर्न पुगेका छन् । यिनी नेपाली कविताको प्राथमिककालीन इतिहासमा स्तुतिवादी र भक्तिवादी कवि मानिन्छन् । यिनले आफ्नो जीवन कालमा पहिला कृष्ण चरित्र लेखे । त्यसपछि स्तुति पद्य शीर्षकको कविता लेखे । यस स्तुति पद्यलाई बाबुराम आचार्यले पुराना कवि र कविता नामक पुस्तकमा स्तुति पद्य१, स्तुति पद्य२ र स्तुति पद्य३ नाम दिएका छन् । यी क्रमश ४५ श्लोक, १६ श्लोक र १२ श्लोकका छन् । ती मध्ये पहिलो स्तुति पद्य१ (वि.स १८९०-१८९८) कविता भीमसेन थापाको स्तुति गाउँदै लेखिएको लघु आकारको कविता हो । यस कवितामा नेपालको पहिलो प्रधानमन्त्री भीमसेन थापाको वीरता, शाहस, उदारताका साथै उनको सौन्दर्यता र रुपको वर्णन गरिएको छ । कविले आफ्नो कवितामा राष्ट्रिय भावना, वीरता, उत्साह र साहशिकता जस्ता भावनाका साथै देश प्रतिको भक्तिभाव व्यक्त गरेका छन् । देशको तत्कालीन सामाजिक, राजनैतिक र सैन्य शक्तिको यथार्थ वर्णन गरेर राष्ट्रवादी कविका रुपमा परिचित हुँदै ईश्वर भक्ति र देशभक्तिको भाव अभिव्यक्त गर्नु कवि पोखऱ्यालको प्रमुख विशेषता नै हो । उनको पहिलो स्तुति पद्य व्यक्ति स्तुतिको रचना हो भने त्यसपछिका दुईवटा स्तुति पद्य नेपाल राष्टकै वन्दना, देश प्रेम र राष्ट्रवाद प्रतिको सुसेली, वीरत्वको भावना र समग्र नेपालीको स्तुति गाउँदै लेखेका कविता हुन् । यी दुई स्तुति पद्य कविता व्यक्ति स्तुतिका रचना होइनन् ।

कवि पोखऱ्यालका तीनवटै स्तुति पद्य छन्दमा लेखिएका छन् । यिनका कवितामा अनुप्रासिकता, आलङ्कारिक भाषाशैलीको प्रयोग र राष्ट्रवादी स्वर छताछुल्ल भएको पाइन्छ । यिनले आफ्ना कवितामा उपयुक्त ढङ्गले अलङ्कारको प्रयोग गरी आफ्नै मौलिकपनालाई कवितामा प्रस्तुत गरेका छन् । यिनका कवितामा संस्कृत, उर्दू, फारसी र अङ्ग्रेजी भाषाको मिसावट पाइन्छ ।

**स्तुति पद्य १ कविता (१६-२०) श्लोकसम्म विश्लेषण**

टुडिषेल्महाँ भो कवाइत्कि वेला
तिलंगा सबैले तहाँ हुनु भेला
मनै लाइ बोल्नु नगर्नु अभेला
परौला संगी हो छडी बेत्की फेला (१६)
बडा ज्ञानी जर्णेल् सबैमा त दाता
बडी तन्कि कीर्ती दुनीयाँकी माता ।
बनी बेस नेपाल् तमाशाकि ढोका
सुरत् हेर्नलाई सबैको छ धोका ॥ (१७)
उपर् बाँधि तोडा त घोडा कुदाई
फूदावाल कोडा सुधर् कर् फिराई
लयन् बीच काप्दन् बिरा पान् चपाई
गई छाउनीमा षुसी छन् बनाई ॥ (१८)
बडो मत्त हात्ती अगाडी चल्याको

झलावर्कि हौदा मैले झुल्याको
तहाँ माथि जर्णेल्कि शोभा बन्याकी
सदा चन्द्रमाकी कला झैं बन्याकी ॥ (१९)
बडो बाजी ताजी महाराजि जो छन्
सवार्मा त वर्सी मनोर्थ कहन्छन् ।
फिरंगी हटाई लुटीपिटि चाँडो
पुगी आज गंगा पषाल्नू छ खाँडो ॥ (२०)
(अवस्थी, महादेव, २०६७ : ३५)

'स्तुति पद्य१' कवितांशको विश्लेषण (श्लोक १६-२० सम्म)

प्रस्तुत यदुनाथ पोखऱ्यालको 'स्तुति पद्य१' (वि.स १८९०-१८९८) कविता तत्कालीन प्रधानमन्त्री भीमसेन थापाको वीरता, साहस र सौन्दर्यको वर्णनमा आधारित छ । यो तत्कालीन सैनिक सुदृढीकरणको वर्णनमा आधारित भुजङ्गप्रयात छन्दमा लेखिएको ४५ श्लोकको कविता हो । यसलाई आकारका दृष्टिले लघु काव्य भने पनि हुन्छ । कविले यस कवितालाई साङ्गीतिक बनाउन लाटानुप्रास, यमक, उपमा, इन्द्रवज्रा, शार्दूलविक्र(ीडित, मालिनी छन्दको प्रयोग गरेको पाइन्छ । यिनको यो कविता पुराना कवि र कविता (२००३) मा सङ्कलित छ । यस कविताका जम्मा ४५ श्लोक छन् । यो पाठ्यक्रमले १६-२० श्लोकसम्म अध्ययन अध्यापनका लागि निर्धारण गरेको छ । भीमसेन थापाले वि.स १८६३ देखि वि.स १८९३ सम्म एकछत्र रुपमा नेपालको प्रधानमन्त्री भएर शासन गरे । त्यो समय पूर्व पनि उनी जर्नेल भएको बेलामा सैनिक सुदृढीकरणका लागि गरेका थुप्रै राम्रा कामहरूको वर्णन गर्दै उनकै स्तुति गाइएको छ ।

पोखऱ्यालले यस कवितामा प्रधानमन्त्री भीमसेन थापाको वीरता, साहस, सौन्दर्य र देशभक्तिको जीवन्त चित्रण गरेका छन् । उनले सबैतिर कीर्तिमान कायम राख्न सैनिक सुदृढीकरणमा विशेष ध्यान दिए । फौंजीलाई छाउनीमा राख्ने व्यवस्था गरे । पुराना सेनाको सुदृढीकरण गरी नयाँ सेनालाई भर्ती गराए । सेनाका लागि हातह(तियार बनाउने काममा तीव्रता ल्याए । पोशाकको व्यवस्था गरे । सैनिक तालिमका लागि फ्रान्सबाट विशेषज्ञ झिकाइ तालिम गराए । राजस्तुतिलाई छोडेर प्रधानमन्त्रीको स्तुति गर्ने पहिलो नेपाली कवि पोखऱ्यालले यस कवितामा भीमसेन थापाको तत्कालीन सामाजिक, राजनैतिक कार्य र सैन्य शक्तिको यथार्थ वर्णन गरेका छन् । उनी चाहन्थे भने नेपालको प्रधानमन्त्रीको कुरा त के राजा हुनसक्ने शक्ति पनि उनमा थियो । त्यति शक्तिशाली भीमसेन थापाको गुणगान गाएरै नसकिने भाव कवितामा व्यक्त गरिएको छ ।

प्रस्तुत कवितामा टुँडिखेलमा सैनिक तालिम (कवाइतको) गर्नेबेला भएकाले तिलङ्गा (सेना) समयमै भेला हुनुपर्ने र अबेला भएमा सजाएको भागिदार हुनुपर्ने चेतावनी दिइएको छ । भीमसेन थापाले नेपाल र नेपा(लीका लागि उन्नत काम गरेर चारैतिर कीर्तिमान/प्रसिद्धि कायम राखेका छन् । उनको (सुरत) राज्य सञ्चालन नीति, राज्य व्यवस्था र सैनिक सुदृढीकरण व्यवस्था हेर्ने सबै जनताको धोको थियो । उनी तोडा (सुनचाँदीको जलप भएको पगरी) बाँधेर फूर्तिका साथ छाउनीमा गई सेनालाई खुशी राखेका छन् । मत्त हात्तीमा हौदा (मान्छे बस्नका लागि हात्तीको पिठ्युँमा कसिने मञ्च जस्तो आसन) कसेर बस्दा उनको अत्यन्तै शोभा बढेको र यसरी आउँदा भिमसेन थापा उज्यालो/चन्द्रमाको कला जस्तै देखिएको वर्णन गरिएको छ । घोडा माथि चढेर राजी/खुशी बनेर हिड्ने भीमसेन थापाले सबैको मनोभावना/मनको इच्छा वा मनोकामना पूरा गराउन तर्फ सदा खटिरहेका छन् भनी उनका असल कर्मको तारिफ गरिएको छ । देशमा यस्ता सकारात्मक कार्यका लागि सदा उनी तत्पर छन् । उनमा नेपाली जनता र तिनका संरक्षक सैनिक/सिपाइ सबैको मनोभावना पूरा गराउने धोको छ । वेलायती/अङ्ग्रेजी सेनालाई नेपालबाट हटाई नेपाल र भारतको सीमानामा पर्ने दक्षिण तर्फको गङ्गा नदीमा पुगेर खाँडो (एक किसिमको तरबार) पखाल्न आतुर भिमसेन थापा नेपालका वीर छोरा हुन् भन्ने भाव यस कवितांशमा व्यक्त गरिएको छ ।

यो कविता भीमसेन थापाले सैनिकका लागि गरेको सुधारात्मक कार्य, उनको रण कौशलता, उनको वीरता, शूरता र चातुर्यको वर्णनमा केन्द्रित रहेको छ ।

समग्रमा कवितामा भीमसेन थापाको महिमाका साथै नेपाली सेनाको वीरता देखाएको छ । यसमा भीमसेन थापाको बाघ घोडा, कुशल नेतृत्व शैली, निडरता लडाकुपन देखेर अंग्रेजी सेना डराए र भागेका थिए ।

कविताको १६ औं शलोकमा सैनिक तालिम (कवाइतको) गर्नेबेला भएकाले तिलङ्गा (सेना) समयमै भेला हुनुपर्ने र अबेला भएमा सजाएको भागिदार हुनुपर्ने चेतावनी दिइएको छ । उक्त कविताको १७ र १८ औं श्लोकमा भीमसेन थापाको सैनिक सुदृढीकरणको व्यवस्था हेर्ने सबैको धोको भएको प्रसङ्ग उल्लेख गरिएको छ । कविताको १९औं श्लोकमा यस्ता सकारात्मक कार्यका लागि सदा उनी तत्पर छन् । उनलाई नेपाली जनता र तिनका संरक्षक सैनिक/सिपाइ सबैको मनोभावना पूरा गराउने धोको छ । कविताको २० औं श्लोकमा वेलायती/अङ्ग्रेजी सेना( लाई नेपालबाट हटाई नेपाल र भारतको सीमानामा पर्ने दक्षिण तर्फको गङ्गा नदीमा पुगेर खाँडो (एक किसिमको तरबार) पखाल्न आतुर भिमसेन थापा नेपालका वीर छोरा हुन् भन्ने भाव व्यक्त गरिएको छ ।

**भानुभक्त आचार्य र उनको 'नीतिका कुरा' कविता**

**भानुभक्त आचार्यको परिचय र प्रवृत्ति**

भानुभक्त आचार्य वि.स १८७१ साल असार २९ गते तनहुँ जिल्लाको चुँदी रम्घा गाउँमा जन्मेका थिए । अनौपचारिक शिक्षा प्राप्त गरेका उनमा संस्कृतको पनि राम्रो ज्ञान थियो । उनका बाजेको नाम श्रीकृष्ण आचार्य र बाबुको नाम धनञ्जय आचार्य हो । उनका बाबु पनि सरकारी खरिदार नै थिए । उनी परिवारमा सबैका अत्यन्तै प्रीय थिए । उनले घाँसीबाट कविता लेख्ने प्रेरणा प्राप्त गरेका थिए । ... उनी वि.स १८९६ मा काठमाडौं प्रवेश गरेर वि.स १९०७ बाट खरिदार पदमा जागिरे भएका थिए । उनले वि.स १९०९ मा कार्यालयको हिसाब बुझाउन नसक्दा काठमाडौंको कुमारी चौकमा ५ महिना उनलाई नजरबन्द गरियो । उनका काव्य कृतिममा कुनै न कुनै रुपमा नीतिपरक चेतनाको अभिव्यक्ति पाइन्छ । नेपाली भाषाका आदिकविको उपाधिले सम्मानित साहित्यिक प्रतिभाका धनी उनले अनेकौं फुटकर कविताका अतिरिक्त एक महाकाव्य रामायण (१९१०), र चार खण्डकाव्य भक्तमाला (१९१०), प्रश्नोत्तरमाला (१९१०), बधुशिक्षा (१९१९) र रामायण अन्तर्गतको रामगीता (१९२५) रचना गरेका छन् । यिनका अन्य फुटकर रचनाहरू भानुभक्तका रामायण (२०३९) मा सङ्कलित छन् । फुटकर कविता, खण्डकाव्य रुपदेखि महाकाव्यसम्म लेखे । उनले लेखेका सबै फूटकर रचना मौलिक हुन् भने उनका प्रश्नोत्तरमाला र रामगीता खण्डकाव्य भने अनुवाद गरिएका रचना हुन् । उनको रामायण महाकाव्य मौलिकता र अनुवादको कुशल संयोजन गरिएको लोकप्रीय काव्य हो ।

उनले आफ्ना फुटकर कवितामा युगीन सांस्कृतिक सन्दर्भलाई सहज रुपमा प्रस्तुत गरेका छन् । नेपाली जातिको हित, कल्याण र एकतामा विश्वास राख्ने प्रवृत्तिका भानुभक्त नेपाली जातीय कवि हुन् । उनी बुहारीलाई सपार्ने, सासुलाई ठीक पार्ने, भ्रष्ट शासकलाई सजक गराउने र मानव जीवनलाई नीतिद्वारा सञ्चालन गर्न प्रेरित गर्ने कवि हुन् । उनका कृति बधुशिक्षा, प्रश्नोत्तरमाला, रामायण, भक्तमाला, रामगीता वा अन्य फुटकर कविता किन नहोस् सबैमा मानवले जीवनमा पालना गर्नुपर्ने चरित्र, स्वभाव, आचरण, व्यवहार, कर्तव्य, धर्म तथा सामाजिक व्यवहार र क्रियाकलापमा नीतिपरक कुरालाई निर्देशन गरेका छन् । उनका कविता उपदेश र नीति चेतनाले भरिएका छन् । नैतिक चेतना त उनको प्रथम काव्यात्मक प्रवृत्ति हो भने अन्य प्रवृत्तिमा विषयवस्तुको विविधता, देश प्रेम र प्रकृति प्रेम, सामाजिकता, रसमय विविधता, श्रृङ्गारिकता (बुहारीलाई नैतिक शिक्षा दिंदा), हास्यव्यङ्ग्य, आँशु लेखन, छन्द योजना (शास्त्रीय र वर्णमात्रिक छन्द बढी जसो), मन्दाक्रान्ता, शिखरिणी, मालिनी, वसन्त तिलका आदि छन्दको प्रयोग पाइन्छ ।

यिनको व्यक्तित्वको कुरा गर्दा खरा स्वभावका थिए । यिनले जीवनभर धर्म, अर्थ, काम, मोक्ष सबैको साधना गरे । उनमा क्रोध र लोभ अली बढी नै थियो तर दुष्ट र स्वार्थी भने थिएनन् । यिनी यथार्थवादी थिए भने आदर्शवादी थिएनन् । यिनी स्पष्ट थिए । एक चोटी जग्गाको साँधको विषयमा गिरी धारी भाटसित झगडा परेकाले भाट शब्द समेत मन नपराउने र आफ्नो घरको छानाका भाटा समेत फालेका थिए रे । उनको साहित्यिक शक्तिको कुरा गर्दा एउटा सामान्य गाउँमा जन्मेर पनि आफ्नो कलमको तागतले गर्दा सबै नेपालीहरूको मनमा तस्वीर भएर टाँसिन सक्ने शक्ति भएका कवि हुन् भन्ने कुरा बुझ्न सकिन्छ ।

**उनका प्रवृत्ति**

- भक्ति र अध्यात्मको प्रकाशनमा ध्यान दिनु,
- समाज सुधार, नैतिक उपदेश, धार्मिक र आध्यात्मिक चेतनाले भरिएका कृतिको रचना गर्ने कवित्व शक्ति,
- नैतिक र औपदेशिक स्वर,

- वेदान्ती र आध्यात्मिक स्वर,
- छन्दवादी कवि, विशेष गरी शार्दुलविक्रिडित र शिखरिणी छन्दमा कविता लेख्ने कवि,
- सहज, सरल र प्राकृत भाषामा कविता रच्ने कवि,
- काव्यमा उपमा, रुपक र अनुप्रासको सहज र स्वभाविक प्रयोग
- काव्यमा तत्सम, तद्भव र झर्रा नेपाली शब्दको प्रयोग गरिएका सुन्दर कविता काव्य रचना गर्ने कवि,

**'नीतिका कुरा' कविताको विश्लेषण**

'नीतिका कुरा' कविता अलग्गै फुटकर कविता नभई प्रश्नोत्तरमाला खण्डकाव्यका केही श्लोकलाई मिलाएर वि.स १९१० मा यसै शीर्षकमा तयार पारिएको कविता हो । यस कवितामा ४,४ हरफका जम्मा १३ श्लोक छन् । यो कविता धेरैजसो वर्णमात्रिक छन्दमा लेखिएको छ भने वसन्त तिलका, इन्द्रवज्रा, उपजाति छन्दको समेत प्रयोग गरिएको छ । यस कवितालाई प्रश्न र उत्तरको संवादात्मक शैलीमा प्रस्तुत गरिएको छ । यस कवितामा तत्सम,तद्भव र झर्रा नेपाली शब्दको सुन्दर प्रयोग गरिएको छ । यस कवितामा मुख्य गरी धार्मिक, आध्यात्मिक, नैतिक चारित्रिक र विद्या सम्बन्धीका यिनै चार पक्षमा केन्द्रित रहेर धेरै कुरा व्यक्त गरिएको छ । यस कविताका केही अंश तल प्रस्तुत गरिएको छः:

दरिद्र नाऊ नरमा छ कस्को ?
विशाल तृष्णा घरमा छ जस्को
कुन हो धनी सब नरले कह्याको
सन्तोषले जो छ सुखी रह्याको ।
ज्यूँदै मर्‍याको भनि नाउँ कस्को ?
उद्यम् विना बित्तछ काल जस्को
कुन हो सबैले गुरु भन्नु पर्‍यको ।
कुन हो जती जती दियो, उती बढ्न जान्या ?
विद्यै रहेछ बुझि, निश्चय तेहि मान्या ।

कवितामा अहिंशाले नै मानिसलाई स्वर्ग पुर्‍याउँछ । असल र खराबलाई विवेकले छुट्याउन सक्ने मानिसलाई सचेत मानिस भनिन्छ । वशमा राख्न नसकेमा मानिसका दस इन्द्रीय नै शत्रु हुन् र वशमा राखेमा तिनै दस इन्द्रीय नै मित्रु हुन् । मनमा विशाल तृष्णा र लालचा राख्ने, कहिल्यै पूर्ण नहुने मानिस दरिद्र हो तर कर्ममा सन्तोष मानेर बाँच्न चाहने मानिस सबभन्दा धनी हो । विना उद्योग र विना श्रम समय खेरा फाल्ने व्यक्ति जिउँदै मरे सरह हुन्छ भने अरुको भर नपरी आत्मनिर्भर बनेर कर्मद्वारा बाँच्नु अमृततुल्य हुन्छ । मानिस मोह र लोभमा परेमा त्यही लोभ र मोह उसको जीवनका लागि बाधा र बन्धनतुल्य हुन्छ । बदनामी कमाउनु नै मर्नु हो । गुरु त्यसलाई भनिन्छ जसले हितकारी उपदेश अरुलाई दिन्छ । शुद्ध मन नै सबैभन्दा ठूलो तीर्थ हो । अभ्यास र कर्मद्वारा मनमाथि विजय गर्नेले संसारमाथि विजय पाउन सक्छ भनिएको छ ।

प्रस्तुत कवितामा परोपकारी मानिस धन्य हुने र सृष्टिको रहस्य बुझ्न सक्ने मानिस पूज्य हुने भएकाले मानिस पाप कर्ममा कहिल्यै पनि अघि नसर्नु भनिएको छ । विद्याहीन मानिस मुर्ख र पशुसरह हुन्छ भने मौकामा बोल्न आँट नगर्ने मानिस लाटो ठहरिन्छ । असल चरित्र नै सबैभन्दा उत्तम कुरा हो । विद्या नै सबैको गहना हो । सबैको हित जे कुराले हुन्छ त्यो नै सत्य हो । सभामा सबैलाई चित्त बुझाउने मानिस नै शोभायमान हुन्छ । आमाले काखमा राखेर दिने सुख सरहको अर्को सुख विद्या हो । अरुलाई जति बाड्यो त्यति बढ्दै जाने कुरा पनि विद्या नै हो । समाजमा लोकले निन्दा गर्ने काम गर्न डराउनु पर्छ र त्यतापट्टि कहिल्यै लाग्नु हुँदैन । विजुली जस्तै क्षणिक, चञ्चल र अस्थिर  कुरा आयु र यौवन हुन् । जसले ठूलो दान गर्छ त्यो नै सत् पात्र हो भनिएको छ । यस्ता नीति चेचनाका कुरा बताउने प्रस्तुत कविताले हाम्रो हिन्दु धर्म, वेदान्त दर्शनलाई बुझाउने आध्यात्मिक जीवन दर्शन, मानव जीवनका चरित्र र नैतिक उच्च राख्ने सुधारका कुरा र विद्याको महिमा दर्साइ विद्यानुरागी बनेर जीवन सार्थक तुल्याउने विवेकशील र श्रमशील मानिस बन्ने सत्प्रेरणा दिइएको छ ।

**मोतिराम भट्ट र उनको किन चाहियो ? कविताको विश्लेषण**

**मोतीराम भट्ट र उनको 'किन चाहियो' कविताको विश्लेषण**

**कवि परिचय र प्रवृत्ति**

मोतीराम भट्टको जन्म वि.स १९२३ भाद्र कृष्ण औंसीका दिन भएको हो । उनी नेपाली साहित्यमा भानुभक्त आचार्य पछिका सशक्त कवि हुन् । उनी कविमात्र नभएर नेपाली साहित्यका प्रथम गजलकार, जीवनीकार, प्रथम समालोचक, अन्वेषक, छापाखानाका प्रबन्धक, नाटककार तथा माध्यमिक कालका प्रवर्तक हुन् । उनले लेखेका कृतिहरूमा मनोद्वेग प्रवाह कविता सङ्ग्रह (१९४२), प्रह्लाद भक्तिकथा काव्य (१९४३),पञ्चक प्रपञ्चक काव्य (१९४४), शकुन्तला नाटक (१९४४), सङ्गीत चन्द्रोदय केही गजल (१९४४),पिकदुत काव्य (१९४४), उषा चरित्र (१९४४), भानुभक्तको जीवन चरित्र समालोचना (१९४८), प्रियदर्शिका नाटक (१९४९), मोतीराम भट्टका गजलहरू (२०३८) जस्ता २५ वटाभन्दा बढी कृति प्रकाश भएका छन् । उनले अरबी, फारसी, उर्दू, हुँदै हिन्दीमा लेखिन थालेको गजललाई नेपाली भाषामा प्रथम पटक लेखे । नेपाली साहित्यमा गद्य र पद्य दुबै विधालाई उत्तिकै अगाडि बढाउने भट्ट नेपाली साहित्यको माध्यमिक कालका केन्द्रीय प्रतिभा मानिन्छन् । उनले वि.स १९४१ मा भानुभक्तले रचना गरेको राम( ायणको बालकाण्डलाई बनारसबाट छपाए पछि नेपाली कविताले माध्यमिक कालमा प्रवेश गरेको हो । माध्यमिक कालका केन्द्रीय प्रतिभा, श्रृङ्गारिक धाराका प्रवर्तक भट्टले आफ्ना मामा नरदेव पाण्डे तथा लक्ष्मीदत्त पाण्डे, गोपीनाथ लोहनी, भोजराज पाण्डे आदिसँग मिलेर काठमाडौमा मोतीमण्डली गठन गरे । त्यही मञ्चबाट श्रृङ्गार रसमा समस्यापूर्ति कविताको निर्माण, परिचालन र कार्यान्वयन हुन थाल्यो । उनले गरेका समग्र कार्यहरूको मूल्याङ्कन गर्दा उनका साहित्यिक प्रवृत्तिलाई निम्नानुसार केलाउन सकिन्छ :

श्रृङ्गारिकता
विविध विषयवस्तु
शास्त्रीय छन्दको प्रयोग,
हाँस्यव्यङ्ग्य, छेडपेच र ठट्टा रमाइलो गर्दै कविता रचना,
देश भक्ति र राष्ट्रियताको स्वर घन्काउने प्रवृत्तिका कविता लेखन,
तीव्र कल्पना शक्तिको प्रयोग आदि ।

**'किन चाहियो' कविताको विश्लेषण**

मोतीराम भट्टले 'किन चाहियो' कविता गजलशैलीमा लेखेका छन् । यो गजल 'सङ्गीत चन्द्रोदय' भन्ने माध्यमिक कालका गजल सङ्ग्रहमा सङ्ग्रहित छ । यसको रचना (वि.स १९४५-१९५२) का बीचमा भएको अनुमान गरिएको छ । यस गजल शैलीको कविता दुई दुई हरफका तीन श्लोक वा सेरमा तयार गरिएको छ । यसमा फारसी भाषाको बीस अक्षरको कामिल छन्द प्रयोग गरिएको छ । यसमा कवितामा अनुप्रास, रुपक, प्रश्न र अलङ्कारका साथै वक्रोक्तिको प्रयोग गरिएको छ । विशेषत यसमा श्रृङ्गारिक भाव व्यक्त गरिएको छ । यस कवितामा कुनै प्रेमी युवकले आफ्नी प्रेमीका/युवतीलाई तिमी शब्दको सम्वोधन गर्दै त्यस युवतीका अनुहारको सुन्दरताको प्रशंसा घुमाउरो र रमाइलो तरिकाले प्रस्तुत गरिएको छ । यस क्रममा प्रेमी युवकले प्रेमीका युवतीका तरवार जस्ता धारिला आँखी भौं र तिनको कटाक्ष वा छड्के हेराइ, युवतीको हँसाइमा देखिने दाँतको हिसी वा सौन्दर्यको बयानलाई बढाई चढाई गरेर प्रस्तुत गरिएको छ । यस कविताका केही हरफ वा शेर तल प्रस्तुत गरिएको छ :

दुई आँखीभौं तयार छन् तरबार पो किन चाहियो ?
तिमी आफू मालिक भैगयौ सरकार पो किन चाहियो ?
पहरा कडा छ कटाक्षको हरदम् तयार मुहारमा
घर भन्नु भारि महल हो दरबार पो किन चाहियो ?
कति चम्किलो हँसाइको हिसिमा किरन पनि दाँतको
मणि मोती नीर जुहार् न हो अरु हार पो किन चाहियो ?

यसमा 'किन चाहियो' भन्ने कुरालाई चार सन्दर्भबाट प्रस्तुत गरिएको पाइन्छ ।

१. युवतीका आँखीभौं नै धारिला तरवार भएकाले उसलाई अर्को तरवार नै किन चाहियो ?
२. युवती आफै युवा वर्गमाथि वशमा राख्ने गरी प्रभाव सिर्जना गर्न सक्ने मालिक भएकाले अर्को सरकार नै किन चाहियो ?
३. युवतीको घरलाई उसको कटाक्षपूर्ण आँखाका कडा पहरामा राखिएकाले उसलाई अर्को महल वा दरवार पो किन चाहियो ?

४. युवतीका हँसाइमा भेटिने दाँतका किरणको हिसी नै उसको मणि मोती र जुहार भएकाले उसलाई अरु जुहारतको हार नै किन चाहियो ? यस्तो बढाई चढाइका साथ कुनै प्रेमीले आफ्नी प्रेमीका युवतीलाई वसमा पार्ने मालिकपन, घरभरि पहरा दिने कडा कटाक्ष र हँसाइमा पाइने दाँतका किरणको हिसीको जुहारतको प्रशंसा गरिएको छ । यस कवितामा युवतीलाई तरवार, पहरेदार, महल र मणि मोती र जुहारतले सम्पन्न र राणाकालीन सरकार भन्दा पनि सम्पन्न भनेर चिनाइएको छ । यसरी एउटा युवकले एउटी युवतीको सौन्दर्य र सामर्थ्यको बयान गर्नु नै यस कविताको मुख्य भाव रहेको छ । यस बयानमा युवतीप्रति अत्यन्तै आकर्षित भई युवकले गरेको प्रेम निवेदन भेटिन्छ । यहाँ श्रृङ्गार रसको प्रयोग गरी नारीको शरीरको खासगरी अनुहारको सौन्दर्यको बयान गरिएको छ । युवक युवती प्रति मानसिक रुपमै भावुक बनेर व्यक्त गर्न पुगेको प्रेम भावना प्रस्तुत गरिएको छ । कविले यस गजललाई कलात्मक र भावमय रुपमा प्रस्तुत गरेका छन् । समग्रमा श्रृङ्गारिक भाव व्यक्त गरिएको यस गजल शैलीको कविता युवा कवि भट्टको सुन्दर र उत्कृष्ट रचना बन्न पुगेको छ ।

## अध्ययनको निष्कर्ष

नेपाली कविता विकासको प्राथमिक कालका प्रतिनिधि कविका रुपमा शम्भूप्रसाद ढुङ्गेल रहेका छन् । उनको स्तुति पद्य१ कवितामा भीमसेन थापाको महिमाका साथै नेपाली सेनाको वीरता देखाएको छ । यसमा भीमसेन थापाको  कुशल नेतृत्व शैली, निडरता लडाकुपन देखेर अंग्रेजी सेना डराए र भागेका थिए । कविताको १६ औं शलोकमा सैनिक तालिम (कवाइतको) गर्नेबेला भएकाले तिलङ्गा (सेना) समयमै भेला हुनुपर्ने र अबेला भएमा सजाएको भागिदार हुनुपर्ने चेतावनी दिइएको छ । उक्त कविताको १७ र १८ औं श्लोकमा भीमसेन थापाको सैनिक सुदृढीकरणको व्यवस्था हेर्ने सबैको धोको भएको,  १९औं श्लोकमा यस्ता सकारात्मक कार्यका लागि सदा उनी तत्पर छन् । उनलाई नेपाली जनता र तिनका संरक्षक सैनिक/सिपाइ सबैको मनोभावना पूरा गराउने धोको छ भन्ने भाव व्यक्त गरिएको छ । साथै २० औं श्लोकमा वेलायती/अङ्ग्रेजी सेनालाई नेपालबाट हटाई नेपाल र भारतको सीमानामा पर्ने दक्षिण तर्फको गङ्गा नदीमा पुगेर खाँडो (एक किसिमको तरबार) पखाल्न आतुर भिमसेन थापा नेपालका वीर छोरा हुन् भन्ने भाव व्यक्त गरिएको छ ।

भक्तिधाराका अर्का प्रतिनीधि कवि भानुभक्त आचार्यको ‘नीतिका कुरा’ कवितामा धार्मिक, आध्यात्मिक, व्यवहारिक, नैतिक चारित्रिक र शिक्षा विषयलाई छुँदै जीवनलाई सफल तुल्याउने, असल र  आदर्श मार्ग देखाउने काम यस गरेको छ । यस कवितामा कविले नैतिकवान मानिसले मात्र समाजमा मान सम्मान, इज्जत, प्रतिष्ठा कमाउँछ भन्ने कुरा व्यक्त गरेका छन् । मानिस समाजमा रहँदा असल आचरण, मीठो बोली, असल बिचार र व्यवहार गर्नुपर्छ । देश भक्ति र निष्ठावान हुनुपर्छ भन्ने  नीतिगत विचार व्यक्त गरेका छन् ।

माध्यमिक कालका केन्द्रीय कवि मोतीराम भट्टको गजल शैलीमा लेखिएको ‘किन चाहियो’ कवितामा कुनै प्रेमीले आफ्नी प्रेमीका/युवतीलाई वसमा पार्ने मालिकपन, घरभरि पहरा दिने कडा कटाक्ष र हँसाइमा पाइने दाँतका किरणको हिसीको जुहारतको प्रशंसा गरिएको छ । यस कवितामा युवतीलाई तरवार, पहरेदार, महल, मणि मोती र जुहारतले सम्पन्न राणाकालीन सरकार भन्दा पनि अझ सम्पन्न भनेर बढाई चढाइका साथ तारिफ गरिएको छ । यसरी एउटा युवकले एउटी युवतीको सौन्दर्य र सामर्थ्यको बयान गर्नु नै यस कविताको मुख्य भाव रहेको छ ।

## सन्दर्भ सामग्री

अवस्थी, महादेव  (२०६७), पूर्वआधुनिक नेपाली साहित्य, ललितपुर : साझा प्रकाशन ।
पोखरेल, बालकृष्ण (२०६७), पाँचसय वर्ष, ललितपुर : साझा प्रकाशन ।
भण्डारी, पारसमणि र माधव प्रसाद पौडेल  (२०७०), नेपाली कविता र काव्य, काठमाडौ : विद्यार्थी पुस्तक भण्डार
पौड्याल, कृष्ण विलास (ई.स. २०१४), पूर्वआधुनिक साहित्य, काठमाडौ : नवीन प्रकाशन ।
भण्डारी, पारसमणि (२०७४), प्राज्ञिक लेखन तथा सम्पादनः काठमाडौंः विद्यार्थी पुस्तक भण्डार ।
श्रेष्ठ, दयाराम र अन्य (२०६३), नेपाली शब्दमाला  काठमाडौ : अक्सफोर्ड इन्टरनेसनल पब्लिकेसन ।
श्रेष्ठ, दयाराम र मोहनराज शर्मा  (२०६३), नेपाली साहित्यको संक्षिप्त इतिहास, ललितपुरः साझा प्रकाशन ।
शर्मा, केदार प्रसाद र माधव प्रसाद पौडेल  (२०६७), नेपाली भाषा र साहित्य शिक्षणः काठमाडौः विद्यार्थी पुस्तक भण्डार ।